बैठक संख्या : १२
बैठक मिति : २०७६/०८/१२

<u>छलफल तथा निर्णयहरु</u>

१. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट आयोगको राय/सुझावका लागि प्राप्त उर्जा दक्षता तथा संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को सम्बन्धमा बैठकमा प्राप्त सुझावहरुका आधारमा पूर्वाधार तथा उत्पादन महाशाखाले राय/सुझाव तयार गरी विषय क्षेत्र हेर्नुहुने माननीय सदस्यस्तरबाट निर्णय गरी पठाउने ।

२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आयोगको राय/सुझावका लागि प्राप्त बुटवल तथा बर्दिवासमा मेडिकल कलेज स्थापना गर्ने सम्बन्धमा तयार भएको गुरुयोजना (Master Plan) को मस्यौदा सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखाको पृष्ठपोषण सहित विषय क्षेत्र हेर्नुहुने माननीय सदस्यस्तरबाट निर्णय गरी पठाउने ।

३. अतिकम विकसितबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्ने विषयमा **UN-OHRLLS** मा प्रस्तुत गर्न आर्थिक व्यवस्थापन महाशाखाबाट तयार गरिएको **"Assessment of The Implementation of Istanbul Programme of Action (IPOA) for the LDC of the Decade, 2011-2020"** प्रतिवेदन सम्बन्धमा माननीय सदस्य डा. रामकुमार फुयाँलको संयोजकत्वमा गठित **Quality Circle** को पष्ठपोषण लिई परिमार्जन गर्ने गरी स्वीकृत गर्ने ।

४. **Resettlement of the Scattered Communities / Settlements in the Dangerous Zone of Remote Areas of Himalayan Region of Nepal** सम्बन्धी विस्तृत आयोजना दस्तावेज तयार गर्न परामर्श सेवा खरिद गर्ने सम्बन्धी कार्यक्षेत्रगत शर्त सम्बन्धमा विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालय/निकाय समेतको प्रतिनिधित्व रहने गरी निर्देशक समिति गठन गर्ने। उक्त समितिको सदस्य-सचिवको रुपमा पूर्वाधार तथा उत्पादन महाशाखा प्रमुखले सहजीकरण गर्ने ।